# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १३ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- दार्जीलिङ पहाडका भूमिपुत्र, पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगला राज्यसभा सांसदको रूपमा मनोनित हुनु भएको छ।
- राज्यमा २०१४ मा गरिएको टेट (TET) परीक्षा मार्फत गरिएको प्राथमिक शिक्षकको भर्तीको मामिलाको सुनुवाइ भोली कोलकाता उच्च न्यायालयमा न्यायाधीश तपोब्रत चक्रवर्तीको खंदपीठमा हुनेछ।
- तेन्जिङ नोर्गे राष्ट्रीय एडवेंचर पुरस्कारको लागि मनोनयन सुरु भएको छ।
- दार्जिलिङ् पहाड, तराई अनि डुवर्स क्षेत्रमा यस वर्षको भानु जयन्ती भव्यताक साथ् मनाइएको छ।
- जीटीएले आउँदो वर्षदेखि प्रकाश कोविद स्मृति पुरस्कार र हीरादेवी वाइबा स्मृति पुरस्कार पनि प्रदान घोषणा गरेको छ।

## हर्षवर्धन श्रृंगला राज्यसभा मनोनयन

दार्जीलिङ पहाडका भूमिपुत्र, पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगला राज्यसभा सांसदको रूपमा मनोनित हुनु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले आज राज्यसभाका लागि चार जनालाई मनोनित गर्नु भएको छ, जसमा पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगला पनि सामेल छन्। राष्ट्रपति द्रौपदी मुर्मुले राज्यसभाका लागि क्रमैले उज्ज्वल देवराव निकम, सी. सदानन्दन मास्टर, हर्षवर्धन श्रृंगला र मीनाक्षी जैनलाई मनोनित गर्नु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले श्री श्रृंगला लगायत चारैजना विशिष्ट व्यक्तिहरुलाई राज्यसभामा मनोनीत भएकोमा बधाई दिनु भएको छ| सामाजिक संजालमा पोस्ट गर्नु हुँदै प्रधानमन्त्रि मोदीले कूटनीतिज्ञ, बौद्धिक अनि रणनीतिक विचारकको रूपमा श्री श्रृंगलाको यात्रा प्रशंसनीय रहेको बताउनु भएको छ। उल्लेखनीय छ, हर्षवर्धन श्रृंगला दार्जीलिङ वेलफेयर सोसाइटीका अध्यक्ष पनि हुन्। दार्जिलिङ वेलफेयर सोसाइटीमार्फत विभिन्न सामाजिक कार्यहरू गरेर दार्जीलिङ पहाडका जनताको सेवामा उहाँले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आउनु भएको छ। उहाँले धेरैपल्ट भारतलाई विश्व मञ्चमा सफलतापूर्वक प्रतिनिधित्व गरेका छन् भने नीति निर्माणमा पनि सशक्त योगदान पुऱ्याएका छन्। छिरिङलाबाट शृंगला बन्दै देश-विदेशमा ख्याति आर्जन गरेका हर्षवर्द्धन शृंगलाले राष्ट्रसेवामा पुऱ्याएको दीर्घ योगदानको फलस्वरूप उहाँलाई राज्यसभा सांसदको रूपमा मनोनित गरिएको भन्नेहरू पनि धेरै छन्। पहाड़का छोरा हर्षवर्धन श्रृंगला राज्यसभा सांसदको पदमा मनोनित भएकोमा सबैले हर्ष व्यक्त गर्दै उहाँलाई बधाई एवं शुभकामना पनि दिइरहेका छन्। दार्जिलिङका सांसद राजु बिष्टाले राज्यसभामा मनोनित भएकोमा श्री श्रृंगलालाई बधाई दिनुभएको छ। कूटनीतिमा उहाँको लामो अनुभव क्षेत्र र राष्ट्र दुबैका लागि लाभदायक हुने विश्वास व्यक्त गर्दै सांसद बिष्टाले क्षेत्रका समस्याहरू समाधान गर्न उहाँसँग सहकार्य गर्ने अपेक्षा व्यक्त गर्नुभएको छ। यसै गरी, दार्जिलिङका विदायक नीरज जिम्बाले पनि राज्यसभामा मनोनित भएकोमा श्री श्रृंगलालाई बधाई दिनुभएको छ।

## टेट परीक्षा

राज्यमा एसएससी घोटालापछि अब टेट (TET) परीक्षा मार्फत गरिएको प्राथमिक शिक्षकको भर्तीमा पनि घोटाला भएको भन्दै चिन्ता बढेको छ। 2014 को टेट परीक्षा आधारमा नियुक्त गरिएका 32,000 शिक्षकको नौकरी संकटमा परेको छ। यो मुद्दाको भोली कोलकाता उच्च न्यायालयमा न्यायाधीश तपोब्रत चक्रवर्तीको खंदपीठमा सुनुवाइ हुनेछ। अघिल्लो सुनुवाइमा न्यायाधीशले भ्रष्टाचार देखिएमा अदालत चुप नबस्ने भन्नु भएको थियो। यसपल्ट 'बञ्चित अभ्यर्थी' पनि अदालतमा आफ्नो कुरा राख्नेछन्। उनीहरुका वकिलले 32,000 नियुक्ति रद्द गर्न अथवा पुरै प्यानल खारेज गर्न माग गर्न सक्ने छन्।

## तेन्जिङ नोर्गे पुरस्कार

तेन्जिङ नोर्गे राष्ट्रीय एडवेंचर पुरस्कारको लागि मनोनयन सुरु भएको छ। यो पुरस्कार चुनौतीपूर्ण वातावरणमा साहसिक कार्यमा असाधारण प्रदर्शन, जोखिम लिने साहस, टीम स्पिरिट र द्रुत प्रतिक्रियाका लागि युवाहरूलाई दिइन्छ। यो पुरस्कार एडवेंचर

लगायत एडवेंचरको क्षेत्रमा जीवनभरीको उपलब्धिको लागि दिइन्छ। यो अर्जुन पुरस्कारसँगै दिइन्छ। विजेताहरूलाई १५ लाख रुपियाँ पुरस्कार राशि दिइन्छ। पुरस्कारको लागि मनोनयन यस महिनाको १५ तारिखसम्म तोकिएको वेबसाइट **awards.gov.in** मा गर्न सकिन्छ।

**भानु जयन्ती खरसाङ**

सूचना अनि सांस्कृतिक विभाग खरसाङ एंव गोर्खा जनपुस्तकालय खरसाङको संयुक्त तत्वावधानमा खरसाङमा आज आदि कवि भानुभक्त आचार्यको जन्म जयन्ती पालन समारोह सम्पन्न भएको छ। खरसाङमा आयोजित 212 औं भानु जयन्ती समारोहको पूर्वार्ध्दमा खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा श्रध्दाञ्जली अर्पण कार्यक्रम सम्पन्न भएको छ। यस अवसरमा सभाध्यक्षको रुपमा गोर्खा जनपुस्तकालयको सभापति रबीनकुमार प्रधान अनि प्रमुख अतिथिको रुपमा सोनादा डिग्री कलेजका प्राध्यापक मेघनाथ छेत्री उपस्थित रहेका थिए| विभिन्न संघ संस्थाका प्रतिनिधिहरु र विभिन्न विद्यालयहरुका विद्यार्थीहरुले आदि कवि भानुभक्त आचार्यको सालिगमा श्रध्दाञ्जली अर्पण गरेका थिए| भानु जयन्ती समारोहको उत्तरार्ध्दको कार्यक्रम खरसाङको पार्क लोकेशनस्थित सार्वजनिक भवनमा सम्पन्न भएको थियो। यसै कार्यक्रममा अन्तर विद्यालय रामायण पाठ प्रतियोगिता सम्पन्न भएको थियो जसमा जम्मा सातवटा विद्यालयहरुले सहभागिता जनाएका थिए|

***बाइट***

**भानु जयन्ती**

नेपाली भाषा र साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तिको अवसरमा विभिन्न स्थानमा सांस्कृतिक कार्यक्रम आयोजना गरियो। नेपाली साहित्य सम्मेलनको आयोजनामा आज दार्जीलिङ्ग स्थित चौरस्तामा भानु जयन्ती पालन गरियो। सम्मेलनका अध्यक्ष सी के राईको अध्यक्षता मा सम्पन्न कार्यक्रममा साहित्यकार सीताराम काफ्ले विशिष्ठ अथितीको रूपमा उपस्थित रहेका थिए भने विभिन्न संघ संस्था साथै साहित्य अनुरागीहरुको उपस्थिति रहेको थियो। कार्यक्रम अवधि जीटीए प्रमुख अनित थापा लगायत नगरपालिका अध्यक्ष दिपेन ठकुरीले पनि उपस्थिति दिंदै आदि कविलाई श्रद्धा अर्पण गरे। पुर्वार्द्धको यस कार्यक्रममा सन्त तेरेजा अनि सन्त रोबर्टस विद्यालयका विद्यार्थीहरुद्वारा रामायण पाठ गरियो भने खस हितकारी संगठनको तर्फ बाट खैंजडी नृत्य प्रस्तुत गरिएको थियो। उत्तराद्धको कार्यक्रम सम्मेलनको सुधपा सभागृहमा सम्पन्न गरियो।

**हीरादेवी वाइबा स्मृति पुरस्कार**

जीटीएले आउँदो वर्षदेखि प्रकाश कोविद स्मृति पुरस्कार र हीरादेवी वाइबा स्मृति पुरस्कार पनि प्रदान घोषणा गरेको छ। आज दार्जीलिङमा आयोजित 211औं भानु जयन्ती कार्यक्रमको अवसरमा जीटीएका सूचना एवम् सांस्कृतिक विभागीय कार्यकारी सभासद अनोस थापाले यो घोषणा गर्नु भयो। उल्लेखनीय छ, प्रकाश कोविद दार्जीलिङका चर्चित उपन्यासकार हुन् भने हीरादेवी वाइबा प्रसिद्ध लोक गायिका हुन्|

***बाइट***

**मनसुन**

राज्यमा फेरि मनसुन सक्रिय भएको छ। मौसम विभागका अनुसार उत्तर बंगालमा आज देखि बुधबारसम्म दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, कूचबिहार, अलीपुरद्वार र उत्तर दिनाजपुरमा भारी वर्षाको सम्भावना छ। दक्षिण बंगालका केही जिल्लामा पनि मेघगर्जनसहित मध्यमदेखि भारी वर्षा हुन सक्ने बताइएको छ।

****** ० ******